**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. भएको छ।

२. प्रदान गरेको छ।

३. बाधित भएको छ।

४ सल्लाह दिएको छ।

५. क्रिकेटमा

**<u>प्रधानमन्त्री-थुथुकुडी, तमिलनाडु</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो राति तमिलनाडुको थुथुकुडीमा ४हजार,८सय करोड रुपैयाँभन्दा बढी मूल्यका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यी परियोजनाहरूले क्षेत्रीय सम्पर्क बढाउनेछन्, रसद दक्षता बढाउनेछन्, स्वच्छ ऊर्जा पूर्वाधारलाई सुदृढ पार्नेछन् र तमिलनाडुभरिका नागरिकहरूको जीवनस्तर सुधार गर्नेछन्। यी परियोजनाहरूले विमानस्थल, राजमार्ग, बन्दरगाह, रेलवे र विद्युत क्षेत्रहरूलाई समेट्छन्।

**Byte**

यस अवसरमा एक जमघटलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले आफ्नो विदेश भ्रमणको क्रममा ब्रिटेनसँग हस्ताक्षर गरिएको ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौताको उल्लेख गर्नुभयो।

**Byte**

सम्झौतालाई भारतमा बढ्दो विश्वव्यापी विश्वास र राष्ट्रको नयाँ विश्वासको प्रतीकको रूपमा वर्णन गर्दै श्री मोदीले भन्नु भयो यो विश्वासले विकसित भारत र विकसित तमिलनाडुको निर्माणलाई तीव्र बनाउनेछ।उहाँले भन्नु भयो स्वतन्त्र व्यापार सम्झौताले भारतको अर्थतन्त्रलाई बलियो बनाउनेछ र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा देशको प्रगतिको लागि मार्ग प्रशस्त गर्नेछ।
प्रधानमन्त्रीले तमिलनाडु र थुथुकुडीको समृद्ध सांस्कृतिक र ऐतिहासिक सम्पदाको सम्मान गर्नुभयो र समृद्ध र बलियो भारत निर्माणमा यस क्षेत्रको स्थायी योगदानको उल्लेख गर्नुभयो।उहाँले वीरपाण्डिया कट्टाबोमन, अलागु मुथु कोन र स्वतन्त्रता सेनानी वी.ओ. चिदम्बरम पिल्लई जस्ता महान व्यक्तित्वहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। थुथुकुडी नजिकै राष्ट्रिय कवि सुब्रमण्यम भारतीको जन्मस्थललाई सम्झँदै, प्रधानमन्त्रीले थुथुकुडी र आफ्नो निर्वाचन क्षेत्र काशी बीचको गहिरो भावनात्मक सम्बन्धको पनि उल्लेख गर्नु भयो।उहाँले काशी-तमिल संगमम जस्ता सांस्कृतिक पहलहरूले भारतको साझा सम्पदा र एकतालाई बलियो बनाउन जारी रहेकोमा जोड दिनुभयो।

तमिलनाडुको पूर्वाधारलाई आधुनिकीकरण गर्ने केन्द्र सरकारको प्रतिबद्धतालाई उल्लेख गर्दै, श्री मोदीले भन्नु भयो उन्नत प्रविधिको साथ बन्दरगाह सुविधाहरूको स्तरोन्नति गर्न प्रमुख कदमहरू चालिएको छ।उहाँले राज्यभर निर्बाध सम्पर्क बढाउन विमानस्थल, राजमार्ग र रेलवेलाई एकीकृत गर्ने प्रयास पनि भइरहेको बताउनु भयो। प्रधानमन्त्रीले भन्नु भयो थुथुकुडी विमानस्थलमा नयाँ अपग्रेड गरिएको टर्मिनलको उद्घाटन यस दिशामा अर्को महत्त्वपूर्ण कोसेढुङ्गा हो। ४सय ५० करोड रुपैयाँको लागतमा निर्मित, टर्मिनल अब वार्षिक २० लाखभन्दा बढी यात्रु ट्राफिक ह्यान्डल गर्न सक्षम छ।

यस अवसरमा प्रधानमन्त्रीले तमिलनाडुमा २हजार ५सय  करोड रुपैयाँको लागतमा विकसित दुई प्रमुख सडक परियोजनाहरू जनतालाई समर्पित गर्नु भयो ।

साथै श्री मोदीले राज्यमा २हजार  मेगावाटको कुडनकुलम आणविक ऊर्जा परियोजनासँग सम्बन्धित एक प्रमुख परियोजनाको शिलान्यास पनि गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो कि पछिल्लो दशकमा केन्द्र सरकारले तमिलनाडुलाई ३ लाख करोड रुपैयाँको सहयोग प्रदान गरेको छ। यो अघिल्लो सरकारले वितरण गरेको रकमको तीन गुणा बढी हो। श्री मोदीले भन्नुभयो कि यी एघार वर्षमा तमिलनाडुमा एघार नयाँ मेडिकल कलेजहरू छन्।

**Byte**

तमिलनाडुमा प्रधानमन्त्री सूर्य घर नि:शुल्क बिजुली योजनाको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्दै श्री मोदीले भन्नुभयो कि यस योजना अन्तर्गत सरकारले लगभग एक लाख आवेदन प्राप्त गरेको छ। चालीस हजारभन्दा बढी सौर्य छानाको स्थापना सम्पन्न भएको छ। उहाँले भन्नुभयो कि यो योजनाले नि:शुल्क र स्वच्छ बिजुली मात्र प्रदान गर्दैन तर हजारौं हरित रोजगारी पनि सिर्जना गर्दछ।

**प्रधानमन्त्री-माल्दिभ्स भ्रमणको परिणाम**

प्रधानमन्त्री नरेन्द्र मोदीले माल्दिभ्सको आफ्नो राजकीय भ्रमणलाई अत्यन्तै सफल रहेको बताउनु भएको छ । श्री मोदी माल्दिभ्सको स्वतन्त्रताको ६० औं वार्षिकोत्सवमा प्रमुख अतिथिको रूपमा उपस्थित हुने पहिलो भारतीय प्रधानमन्त्री हुन्। माल्दिभ्सका राष्ट्रपति डा. मोहम्मद मुइज्जुले पनि श्री मोदीको भ्रमणलाई महत्त्वपूर्ण बताउनु भयो  र यसले द्विपक्षीय सम्बन्धको भविष्यलाई नयाँ आकार दिने बताउनु भयो । सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मुइज्जुले प्रधानमन्त्री मोदीलाई भ्रमणको लागि कृतज्ञता व्यक्त गर्नु भयो  र माल्दिभ्सको प्रगतिमा भारत एक महत्त्वपूर्ण साझेदार हुने बताउनु भयो ।भारत र माल्दिभ्सले मत्स्यपालन, मौसम विज्ञान, डिजिटल पूर्वाधार, आदि लगायत धेरै क्षेत्रमा सम्झौतामा हस्ताक्षर गरेर आफ्नो द्विपक्षीय सम्बन्धलाई बलियो बनाउँदैछन्। भारतले माल्दिभ्सको पूर्वाधार विकासको लागि ४हजार ८सय ५० करोड रुपैयाँको नयाँ ऋण लाइनको पनि घोषणा गरेको छ। यसबाहेक, दुवै देशले आर्थिक सम्बन्ध र द्विपक्षीय व्यापारलाई सुदृढ पार्ने उद्देश्यले स्वतन्त्र व्यापार सम्झौतामा वार्ता सुरु गरेका छन्।यस वर्ष दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० वर्ष पूरा भएको छ । यस अवसरमा दुवै नेताले स्मारक हुलाक टिकटहरू जारी गरे। दुई देशले रक्षा र समुद्री सुरक्षा सहयोगलाई अझ सुदृढ पार्ने निर्णय गरे। प्रधानमन्त्री मोदीले पहलगाम आतंकवादी हमलाको निन्दा गरेकोमा र आतंकवाद विरुद्धको लडाईमा भारतसँग ऐक्यबद्धता देखाएकोमा राष्ट्रपति मुइज्जुलाई धन्यवाद दिनु भयो ।

**प्रधानमन्त्री - राजेन्द्र चोल**

प्रधानमन्त्री नरेन्द्र मोदी आज तमिलनाडुका महान चोल सम्राट राजेन्द्र चोल प्रथमको जयन्ती समारोहमा भाग लिनुहुनेछ। श्री मोदी गंगाईकोंडा चोलपुरम मन्दिरमा आदि तिरुवथिराई महोत्सवमा पनि भाग लिनुहुनेछ। प्रधानमन्त्रीले भारतका महान सम्राटहरू मध्ये एक राजेन्द्र चोल प्रथमको सम्मानमा एक स्मारक सिक्का पनि जारी गर्नुहुनेछ। यो विशेष उत्सवले राजेन्द्र चोल प्रथमको दक्षिण पूर्वी एसियामा पौराणिक समुद्री अभियानको हजार वर्ष पूरा भएको र चोल वास्तुकलाको उत्कृष्ट कृति, प्रतिष्ठित गंगाईकोंडा चोलपुरम मन्दिरको निर्माणको सुरुवातलाई पनि चिन्हित गर्दछ।राजेन्द्र चोल प्रथमले १०१४ देखि १०४४ सम्म शासन गरे। उनी भारतीय इतिहासका सबैभन्दा शक्तिशाली र दूरदर्शी शासकहरू मध्ये एक थिए। उनको नेतृत्वमा, चोल साम्राज्यले दक्षिण र दक्षिण पूर्व एशियामा आफ्नो प्रभाव विस्तार गर्यो। उनले आफ्नो विजयी अभियान पछि गंगाईकोंडा चोलपुरमलाई आफ्नो राजधानीको रूपमा स्थापित गरे। गंगाईकोंडा चोलापुरममा राजेन्द्र चोल प्रथमले बनाएको मन्दिर २५० वर्षभन्दा बढी समयसम्म शैव भक्ति, स्मारकीय वास्तुकला र प्रशासनिक कौशलको प्रतीक रह्यो। यो मन्दिर युनेस्कोको विश्व सम्पदा स्थलहरूको सूचीमा छ। यो यसको जटिल मूर्तिकला, चोल कांस्य मूर्तिहरू र प्राचीन शिलालेखहरूको लागि प्रसिद्ध छ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा **मन की बात** कार्यक्रममा देश-दुनियाका मानिसहरुको साथ आफ्नो विचार साझा गर्नुहुनेछ। यस  मासिक रेडियो कार्यक्रमको यो 124औ  शृंखला हुनेछ।यो  कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण  नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज़.ऑन.एयर मोबाइल ऐपमा प्रसारित गरिनेछ। **मन की बात** कार्यक्रमको

सीधा प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय र सूचना एवं प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिनेछ। हिंदी प्रसारणको तुरन्तै पश्चात आकाशवाणीमा क्षेत्रीय भाषाहरुमा पनि यसको प्रसारण गरिनेछ।

**छत्तीसगढको भिडन्त**

छत्तीसगढको बिजापुर जिल्लामा हिजो सुरक्षा बलसँगको भिडन्तमा चार माओवादी मारिएका छन्। मृतक माओवादीहरूको शव बरामद गरिएको छ। सुरक्षा बलले घटनास्थलबाट ठूलो मात्रामा हतियारहरू सहित सेल्फ-लोडिङ राइफलहरू बरामद गरेको छ। जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा माओवादीहरूको उपस्थितिको बारेमा गुप्तचर सूचना प्राप्त भएपछि, सुरक्षा बलको संयुक्त टोलीलाई खोजी अभियानको लागि पठाइएको थियो। हिजो साँझदेखि सुरक्षा बल र नक्सलीहरू बीच बारम्बार गोलीबारी भइरहेको छ।

**प्रधानमन्त्री - मूल्याङ्कन**

अमेरिकामा आधारित डेटा एनालिटिक्स फर्म मर्निङ कन्सल्टद्वारा गरिएको हालैको विश्वव्यापी सर्वेक्षण अनुसार, प्रधानमन्त्री नरेन्द्र मोदी ७५ प्रतिशत अनुमोदन मूल्याङ्कनका साथ विश्वको सबैभन्दा लोकप्रिय लोकतान्त्रिक नेताको रूपमा उभिएका छन्। जुलाई ४ देखि १०, २०२५ को बीचमा सङ्कलन गरिएको जनभावनालाई प्रतिबिम्बित गर्ने सर्वेक्षणले प्रधानमन्त्री मोदीलाई आफ्ना विश्वव्यापी समकक्षीहरूभन्दा धेरै अगाडि देखाएको छ। दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङ ५९% अनुमोदन मूल्याङ्कनका साथ दोस्रो स्थानमा छन्। अर्जेन्टिनाका राष्ट्रपति जेभियर मेली ५७% का साथ तेस्रो स्थानमा छन्। सर्वेक्षणले प्रत्येक देशको वयस्क जनसंख्याको राय मूल्याङ्कन गर्न सात दिनको औसत प्रयोग गर्दछ। यो मर्निङ कन्सल्टको चलिरहेको ग्लोबल लिडर अप्रुभल रेटिङ ट्र्याकरको अंश हो, जसले नियमित रूपमा विभिन्न लोकतान्त्रिक नेताहरूको लोकप्रियता मापन गर्दछ। मे २०२४ मा लगातार तेस्रो कार्यकालको लागि उम्मेदवार बन्ने श्री मोदीले विश्वव्यापी वरीयतामा प्रमुख स्थान कायम राखेका छन्, जसले उनको घरेलु लोकप्रियता र बढ्दो अन्तर्राष्ट्रिय मान्यता दुवैलाई प्रतिबिम्बित गर्दछ। गत वर्ष पदभार ग्रहण गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आठौं स्थानमा छन्।

**अमरनाथ यात्रा**

कडा सुरक्षा व्यवस्था बीच, 2,197 तीर्थयात्रिहरुको एक अर्को समूह जो जम्मूदेखि 25औ समुह रहेको छ, अमरनाथ गुफाको तीर्थयात्राको लागि भगवती नगर यात्री निवास आधार शिविरदेखि कश्मीर घाटी तर्फ प्रस्थान भएको छ। तीर्थयात्रीहरु आज बिहान 100 वाहनको समूहसित आधार शिविरबाट प्रस्थान गरेको छ। यस समूहमा 1,764 पुरुष, 365 महिला, 9 नानीहरु, 49 साधु अनि 10 साध्विहरु शामेल छन्। यसमा 573 तीर्थयात्री बिहान 3:31 बजे बालटाल आधार शिविरबाट अनि 1624 तीर्थयात्री बिहान 4:01 बजे पहलगाम आधार शिविरबाट प्रस्थान भए, जहाँबाट उनिहरु पवित्र गुफा तर्फ आफ्नो अघिल्लो यात्राको लागि प्रस्थान गर्नेछन्।

**चेस**

FIDE महिला चेस विश्वकपको फाइनलमा कोनेरु हम्पी र दिव्या देशमुख बीचको पहिलो खेल बराबरीमा समाप्त भयो। जर्जियाको बटुमीमा आयोजित यस प्रतियोगितामा दिव्याले सेतो टुक्रा र कोनेरुले कालो टुक्राको साथ आफ्नो बाजी खेलिन। ड्र पछि, दुवै खेलाडीले आधा-आधा अंक प्राप्त गरिन । फाइनलको दोस्रो खेल आज खेलिनेछ।यो फाइनल खेल भारतमा महिला चेसको लागि ठूलो अवसर हो, जसमा विजेता र उपविजेता दुवै भारतीय खेलाडीहरू हुनेछन्।